**Humanities and Social Sciences Journal**
2024; Volume 16, Numbers 1-2: 156-164
https://rrlc.tu.edu.np
doi: https://doi.org/10.3126/hssj.v16i1-2.87412
ISSN: 2594-3065 (Print); ISSN: 3021-9744 (Online)

Tribhuvan University,
Ratna Rajyalaxmi Campus,
Research & Educational
Development Project
Management Committee (RMC)

# साहित्यको समाजशास्त्रीय दृष्टिमा *'आशमाया'* उपन्यास

**हरिप्रसाद सिलवाल (विद्यावारिधि)**
उपप्राध्याक, नेपाली
नेपाली विभाग, रत्न राज्यलक्ष्मी क्याम्पस, त्रि.वि., नेपाल
ईमेल : hps2066@gmail.com

**To cite this article:** सिलवाल Silwal ह. H. P. (2024). साहित्यको समाजशास्त्रीय दृष्टिमा 'आशमाया' उपन्यास . *Humanities and Social Sciences Journal*, *16*(1-2), 156–164. https://doi.org/10.3126/hssj.v16i1-2.87412

**Received:** January 14, 2025; **Accepted:** November 7, 2025; **Published:** December 14, 2025

## लेखसार

प्रस्तुत आलेख उपन्यासकार डी.पी.अधिकारीको आशमाया उपन्यासमा अभिव्यक्त समाजशास्त्रीय आयामको विश्लेषणमा केन्द्रित भई अनुसन्धानात्मक रूपमा प्रस्तुत भएको छ । यसमा आशमाया उपन्यासमा प्रयुक्त समाजशास्त्रीस्य अभिव्यक्तिहरू के कस्ता छन् भन्ने प्राज्ञिक समस्या र उक्त समस्याको समाधान गर्न उपन्यासमा निहित सामाजिक चिन्तनको निरूपण गर्नु नै आलेखको शोध उद्देश्य रहेको छ । यसलाई अनुसन्धानात्मक ढाँचामा सम्पन्न गर्न साहित्यको समाजशास्त्रीय सिद्धान्तलाई सैद्धान्तिक पर्याधार बनाई यसको समाजपरक समालोचनालाई अँगालिएको छ । साहित्यको समाजशास्त्रका दुई शाखाहरूमा मार्क्सवादी समाजशास्त्रीय सिद्धान्त र गैरमार्क्सवादी समाजशास्त्रीय सिद्धान्त रहेका छन् । प्रस्तुत आलेख सम्पन्न गर्न मार्क्सवादी समाजशास्त्रीय सिद्धान्तको प्रयोग गरिएको छ । मार्क्सवादबाट प्रवर्तन भएको मार्क्सवादी समाजशास्त्रीय विश्वदृष्टिकोण नै यस आलेखको सैद्धान्तिक आधार हो । यस आलेखमा पुस्तकालयीय स्रोतबाट सङ्कलन गरिएका प्राथमिक र द्वितीयक सामग्रीहरू प्रयुक्त छन् । समाजवादी विचारधारामा साहित्य सिर्जना गर्ने उपन्यासकार डी.पी.अधिकारीको आशमाया उपन्यासको मार्क्सवादी समाजशास्त्रीय समालोचनाबाट विश्लेषण गर्दा सामाजिक उत्पीडनको मूल कारण शोषणजन्य व्यवस्था र त्यसले पारेको आर्थिक, सामाजिक, सांस्कृतिक उत्पीडन भएको यस आलेखको सार रहेको छ । वर्ग समाजमा रहेका वर्गीय शोषण र वर्गीय उत्पीडन नै समाजको समस्या रहेको र यस विरुद्ध सङ्घर्ष गर्नु नै सामाजिक समस्याको समाधान भएको मूल भाव उपन्यासले प्रस्तुत गरेको आलेखको सार रहेको छ ।

*शब्दकुञ्जी :* ऐतिहासिक द्वन्द्वात्मक भौतिकवाद, मार्क्सवाद, वर्ग उत्पीडन, वर्गसङ्घर्ष ।

## परिचय

डी.पी.अधिकारी (वि.सं.१९८३-२०७७) नेपाली प्रगतिवादी साहित्यका स्रष्टा र द्रष्टा बहुमुखी प्रतिभा हुन् । साहित्य र राजनीतिमा डी.पी.लेख्ने गरिएको तर उनको वास्तविक नाम देवीप्रसाद अधिकारी हो । साहित्यकार अधिकारीका सिर्जना र समालोचना दुवै क्षेत्रका महत्त्वपूर्ण कृतिहरू प्रकाशित छन् ।

प्रगतिवादी साहित्यकारका रूपमा स्थापित अधिकारीले आफ्नो साहित्य लेखनको पछिल्लो चरणमा भने प्रगतिवादी धारबाट पलायन भई स्वतन्त्र रहने घोषणा गरेका हुन् । उनका कृतिहरूमा *आशमाया (२०२५), धरती अझै बोल्दैछ (२०१७), युगान्तकारी (२०५६) उपन्यासहरू, लङ्गडो मान्छे, माउसुली* कथासङ्ग्रह, *यथार्थवादी समालोचना (२०१७), नेपाली साहित्य र आलोचना* (२०३२), *नेपाली उपन्यास र जनजीवन* समालोचनासङ्ग्रह रहेका छन् । यस आलेखमा उपन्यासकार अधिकारीको *आशमाया* उपन्यासलाई अनुसन्धानको विषय बनाइएको छ । यसमा आलोचनात्मक यथार्थवादी र मार्क्सवादी वर्गीयताका कोणबाट नेपाली समाजको चित्रण गरिएको छ । आशमाया यस उपन्यासकी प्रमुख नारी पात्र तथा उपन्यास नायिका हुन् । घर, परिवार र समाजका गरिबी र विसङ्गत परिवेशका कारण अपहेलित, कुण्ठित, विवश, उत्पीडित हुनपुगेकी आशमाया जस्ती निरीह अवस्थाकी पात्रको चरित्रलाई मुख्य र जुझारू भूमिका दिएर प्रगतिवादी विचार व्यक्त गर्दै यो उपन्यास रचिएको छ । वर्गीय उत्पीडनको अन्यायबाट तत्कालीन समाज आक्रान्त देखिन्छ । राणा र पञ्चायती शासनमा राणासाब, राजा महाराजा, साहु महाजनका सामन्तीपनले समाज विकृत बनेको र गरिबीले पिल्सिनुका साथै सामाजिक दुर्व्यवहार खेप्नु परेको संवेदनशील विषय यस उपन्यासमा चित्रित छ । सामाजिक बेथितिप्रति वर्गीय दृष्टिले आलोचनात्मक चित्रण गर्नु नै यस उपन्यासको मूल प्रवृत्ति हो । *आशमाया* उपन्यासमा नेपाली समाजको विशिष्ट कालखण्डमा सामाजिक दुराचार, वर्गीय उत्पीडन, धनी र सामन्त वर्गले निम्न वर्गमाथि गरिने दमनका कारण आशमाया जस्ता प्रतिनिधि नारीहरूका पीडादायी एवं निरीह अवस्थाको पहिचान गरी औपन्यासिक संरचनामा व्यक्त गरिएको छ । *आशमाया*मा मूलतः वर्गीय उत्पीडनको चित्रण छ । यो वर्ग समस्या आर्थिक दुरवस्थाबाट सिर्जित देखिन्छ । वर्ग चेतना, वर्ग उत्पीडन र वर्गद्वन्द्वका समस्याहरूलाई नै मुख्य सामाजिक समस्या बनाई रचिएको *आशमाया* उपन्यासको मूल वैचारिक आधार नै सामाजिक वर्गसङ्घर्ष रहेको छ । यस परिप्रेक्ष्यमा साहित्यकार अधिकारीका साहित्यिक सिर्जना र समालोचनामाथि विभिन्न कोणबाट अध्ययन तथा अनुसन्धान भएका छन् । यद्यपि उनका बहुचर्चित कृतिहरूमध्येको *आशमाया* उपन्यासको समाजपरक समालोचनाका कोणबाट शोध अध्ययन भएको पाइन्न । *आशमाया* उपन्यास मार्क्सवादी वैचारिक चिन्तनलाई विश्वदृष्टि बनाएर रचिएको सन्दर्भ यसका पात्रहरूमा देखाइएको वर्गद्वन्द्व र वर्ग उत्पीडनको समस्याले स्पष्ट पार्दछ ।अतः कठोर सत्तासित जुधेर सङ्घर्षको आयाम बनाउने तीव्र कोसिस गरेकी नारी आशमायालाई प्रमुख चरित्र बनाई उसको विद्रोही तथा प्रतिरोधी चेतनालाई मूल भावको रूपमा अभिव्यञ्जित गरिएको *आशमाया* उपन्यासको साहित्यको समाजशास्त्रीय कोणबाट विवेचना गर्नु औचित्यपूर्ण रहेको छ । त्यसैले उपन्यासकार डी.पी.अधिकारीको *आशमाया* उपन्यासमा प्रंतीकात्मक रूपमा व्यक्त समाज परिवर्तनको उज्यालो भविष्य खोजिएको प्रगतिवादी अर्थात् मार्क्सवादी समाजशास्त्रीय सापेक्षतामा सामाजिक परिवेशको निरूपण गर्न मार्क्सवादी साहित्यको समाजशास्त्रीय सिद्धान्तलाई अँगाली यो आलेख प्रस्तुत गरिएको छ ।

## सैद्धान्तिक पर्याधार र विधि

साहित्यको समाजशास्त्र साहित्यिक कृतिभित्र प्रयुक्त समाजका आयामहरूको अध्ययन गर्ने पश्चिमी समालोचना प्रणालीबाट विकसित समालोचना सिद्धान्त हो । साहित्यिक कृतिमा समाजको खोजी र विश्लेषण गर्ने अन्तरविषयक समालोचना पद्धतिका रूपमा यसको प्रयोग भएको छ । यसले साहित्य र समाज बिचको सम्बन्धलाई स्पष्ट पार्दछ । यस सम्बन्धमा समालोचक त्रिपाठीको मत यस्तो छ-

साहित्यिक कृतिका माध्यमबाट समाजको अतीत र वर्तमानको अध्ययन गर्नु अथवा साहित्यकारको सामाजिक सन्दर्भका आधारमा कृतित्वको विश्लेषण गर्नु पनि समाजपरक समालोचनाकै अङ्ग हो । समाजले साहित्यकारलाई के-कति प्रभाव पार्‍यो, साहित्यकारले समाजलाई के-कति व्यक्त्याउन

सक्यो अनि साहित्यकारले समाजलाई के-कति प्रभावित पार्न सक्यो भन्ने कोणबाट गरिने साहित्यिक अध्ययन पनि समाजपरक समालोचनाकै अङ्ग हुन् (२०५८, पृ. १५२) ।

साहित्य र समाजको सम्बन्धमाथि परिपूरक भूमिकामा रहेर स्रष्टाले चित्रण गरेको समाजको खोजी गर्ने समालोचना नै समाजपरक समालोचना हो । साहित्यको समाजशास्त्रीय सिद्धान्तको प्रवर्तन धेरै विद्वान्हरूबाट भएका छन् । फ्रान्सेली समालोचक हिप्पोलाइट एडल्फ तेनले साहित्यिक कृतिमा निहित विषयवस्तु र सौन्दर्य चेतनालाई क्षण, प्रजाति र परिवेशका आधारमा निरूपण गर्नु उपयुक्त हुने मान्यता अघि सारेका छन् । तेनको समाजशास्त्रीय त्रितत्त्वमा समाजको विशिष्ट क्षण, विशिष्ट प्रजातिगत आधार र विशिष्ट परिवेश रहेका छन् । यी तिनै ओटा तत्त्वहरूको आपसी अन्तरसम्बन्ध रहेको हुन्छ (तेन, सन् १८७१, पृ.११) । तेनको समाजशास्त्रीय सिद्धान्तभन्दा फरक मान्यताको विकास कार्ल मार्क्सको वर्गद्वन्द्वात्मक विश्वदृष्टि निर्माण भएपछि मार्क्सवादी धारमा विकसित भयो । पाण्डेयले उपन्यासको पनि अलग समाजशास्त्र हुने विचार राख्दै यसमा उपन्यासकारको वर्गचेतना, विचारधारा, विश्वदृष्टिका सहायताबाट उपन्यासमा निहित सामाजिक अभिप्रायको बोध गर्ने कोसिस भएको हुन्छ भनेका छन् (सन् २०१६, पृ. ३८९) । यसले उपन्यास र समाजको सम्बन्ध मात्रै नभएर स्रष्टाको चेतना र उपन्यासमा अभिव्यक्त सामाजिक आयामको समेत ज्ञान हासिल गर्न सकिन्छ । उपन्यास औद्योगिक युगको उदयसँगै तीव्र रुवमा रचना हुन थालेको हो । मार्क्सवादले समाजलाई हेर्ने द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण अघि सारेपछि साहित्यको समाजशास्त्रीय समालोचना यस सिद्धान्तमा केन्द्रित भएको हो । मार्क्सवादले समाजलाई हेर्ने ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टि अँगालेको छ । मार्क्सवाद समाजको विकासलाई भौतिक द्वन्द्वको विकाससित सापेक्ष बनाएर हेर्छ । यसले समाजको आधार संरचना र उपरिसंरचना रहेको मान्दै आदिम समाजपछि मानव समाज वर्गीय रूपमा विभाजन भएको स्वीकार गर्छ । समाज वर्गीय भएकाले साहित्य पनि वर्गीय हुने मार्क्सवादी समाज दर्शन केन्द्रित मत छ । हरेक समाज वर्गमा विभाजित हुनुको मूल कारण अर्थप्रणाली रहेको मार्क्सवादी दृष्टिकोण छ ।

मार्क्सवादले प्रतिपादन गरेको द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद समाजको विश्लेषण गर्ने वैज्ञानिक दृष्टिकोण हो । मार्क्सवादी समाजशास्त्रले साहित्यलाई समाजकै भौतिक विकासको उत्पादन मान्दछ । यसले साहित्य रचनालाई बौद्धिक श्रमको उत्पादन मान्दछ । साहित्य, कला कृतिहरू अन्ततः सामाजिक अवस्था र सामाजिक सम्बन्धहरूका प्रतिबिम्ब हुन् । साहित्यका कृतिहरूमा व्यक्त ती सामाजिक सम्बन्धका अभिलक्षणहरू केलाउनु आवश्यक छ (मार्क्स, एङ्गेल्स, सन् १९८७, पृ.१८) । मार्क्सवाद राजनीतिक दर्शनमा आधारित र समाज विज्ञानको विश्लेषणबाट स्थापित भएको हो । यद्यपि यसले समाजका सबै उत्पादन प्रणालीका बारेमा विश्वदृष्टि निर्माण गरेको छ । यसले द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तलाई कला साहित्यको विश्लेषणमा प्रयोग गरेको छ (मार्क्स, एङ्गेल्स, सन् १९८७, पृ. २०) । मार्क्सवादको मूल सिद्धान्त द्वन्द्वात्मक भौतिकवाद हो । यसले कला, साहित्यको व्याख्या पनि यही दृष्टिमा गर्नुपर्ने मत राखेको छ । समाजपरक समालोचनाको मार्क्सवादी धाराले यही द्वन्द्ववादलाई साहित्यको समालोचना गर्ने मुख्य कडी स्वीकार गर्दछ । मार्क्सवादी समाजशास्त्रीय समालोचनामा प्लेखानोब, लेनिन, क्रिस्टोफर कडवेल, जर्ज लुकाज आदि मार्क्सवादी सौन्दर्यशास्त्रीहरूको गहिरो विश्लेषण र वैचारिक योगदान पाइन्छ । यिनले समाजपरक समालोचनाको रूपरेखालाई मार्क्सवादी सौन्दर्यचिन्तनमा केन्द्रित गरेका छन् । मार्क्सले सामाजिक सम्बन्धहरूमा त्यस समाजका मानिसहरू बाँधिएका हुन्छन् भन्ने धारणा राखेका छन् ( २०६७, पृ. १) । मार्क्सको कला, साहित्यलाई हेर्ने दृष्टिकोण नै समाजलाई बदल्ने दृष्टिकोण हो । मार्क्सवादी समाजपरक समालोचनाले ऐहिासिक द्वन्द्ववादलाई अध्ययनको केन्द्रमा राखेको छ । यसबारे लुकाजको मत अनुसार मार्क्स र एङ्गेल्सले व्यापक विज्ञानको रूपमा इतिहासको विज्ञानलाई स्वीकार गरेका छन् । इतिहासको विज्ञान भनेकै मानव समाजको द्वन्द्वात्मक भौतिकवादको इतिहास हो । साहित्यिक

कृतिमा अभिव्यक्त द्वन्द्वात्मक स्वरूपको निरूपण गर्नु पनि मार्क्सवादी समाजपरक समालोचनाको सैद्धान्तिक आधार हो । चापागाईंका अनुसार मार्क्सवादी समालोचना साहित्य र कलाको मूल्याङ्कन गर्ने वैज्ञानिक र समग्र दृष्टिकोण हो (२०६७, पृ. ६७) । यो समाज विज्ञानमा आधारित भएर विकसित छ । लुनाचार्स्कीले मार्क्सवादी समालोचनाको समाजपरक दृष्टिकोणलाई यसरी व्यक्त गरेका छन् -

> मार्क्सवादी आलोचना अन्य साहित्यिक आलोचनाभन्दा प्रथमतः कुन तथ्यको सन्दर्भमा फरक छ भने यो समाजशास्त्रीय प्रकृतिको, त्यसमा पनि मार्क्स र लेनिनको वैज्ञानिक समाजशास्त्रको भावना अनुरूप हुनु अनिवार्य छ । .... मार्क्सवादी आलोचकहरूले यस्तो समाजशास्त्रीय विश्लेषण कसरी गर्छन् त ? मार्क्सवादले सामाजिक जीवनलाई एउटा आङ्गिक सम्पूर्णता मान्दछ, जसमा छुट्टाछुट्टै अङ्गहरू एक-अर्कामाथि निर्भर रहन्छन् र यहाँनिर निर्णायक भूमिका सर्वाधिक प्राकृतिक तत्त्व भौतिक आर्थिक सम्बन्धहरू त्यसमा पनि श्रमका विभिन्न रूपहरूले खेलेका हुन्छन् (२०६७, पृ. ८४) ।

मार्क्सवादी सौन्दर्यचिन्तक लुनाचार्स्कीको उपर्युक्त धारणाले समाजशास्त्रीय धारमा श्रमको मूल्य सहितको कला, साहित्यको दृष्टिबाट मात्रै समालोचना गर्नु वैज्ञानिक र वस्तुगत हुने स्पष्ट देखिन्छ । मार्क्सवादी समाजशास्त्रीको मूल चिन्तन नै ऐतिहासिक द्वन्द्वात्मक भौतिकवाद हो । यसलाई मूल विश्वदृष्टिकोण बनाएर साहित्यमा प्रकट भएका सामाजिकताको विश्लेषण गरी त्यस कृतिको मूल्याङ्कन गर्नु यस धाराको अभिप्राय र उद्देश्य हो ।

प्रस्तुत आलेखमा उपर्युक्त मार्क्सवादी समाजपरक समालोचनाको सैद्धान्तिक पर्याधारका आधारमा विवेच्य *आशमाया* उपन्यासको समाजशास्त्रीय विश्लेषण गरिएको छ । पुस्तकालयको स्रोत प्रयोग गरी प्रस्तुत आलेखको प्राज्ञिक समस्याको समाधान गर्न डी.पी.अधिकारीद्वारा लिखित *आशमाया* उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा र यससँग सम्बन्धित आवश्यक सैद्धान्तिक र प्रायोगिक सामग्रीहरूलाई द्वितीयक सामग्रीमा उपयोग गरिएको छ । गुणात्मक प्रकृतिको यस आलेखमा मूल शीर्षकलाई साथै निष्कर्षमा पुऱ्याउन उपशीर्षकहरूको प्रयोग गरी विश्लेषणको प्राप्तिलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत आलेखमा *आशमाया* उपन्यासको विश्लेषणका निम्ति यही सैद्धान्तिक ढाँचा र शोधविधिको प्रयोग गरिएको छ ।

## 'आशमाया' उपन्यासमा द्वन्द्व

*आशमाया* उपन्यासमा नेपाली समाजका जटिल समस्याले निम्त्याएका द्वन्द्वात्मक अवस्थाको चित्रण छ । यस उपन्यासका द्वन्द्वात्मक अवस्था पारिवारिक, सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक रूपमा देखिएका विसङ्गतिका कारण उत्पन्न भएका हुन् । यस उपन्यासमा सामाजिक अन्यायले निम्त्याएका प्रतिअसर परिवारको संरचनामा परेको छ । समाजमा बढ्दो शोषण, सामन्ती प्रवृत्ति, एकले अर्कोलाई होच्याउने, हेप्ने कार्य, ठुलाबडा भनिनेहरूबाट विपन्न वर्गमाथि गरिने दुर्व्यवहार आदिका कारण उत्पीडक र उत्पीडनको अवस्था जन्मेको छ । तिनका बिचमा बढ्दै गएको द्वन्द्वले बिस्तारै सामाजिक संरचनाका आयामहरूमा असर पुगेको देखिन्छ । विवेच्य उपन्यासमा रहेका द्वन्द्वात्मक अवस्थालाई निम्नलिखित उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ ।

### शोषक र शोषित वर्गको द्वन्द्व

आशमाया उपन्यासमा चित्रण गरिएको द्वन्द्वात्मक अवस्थामा वर्गीय स्वरूपले मुख्य भूमिका खेलेको छ । वर्गद्वन्द्वको आधार नै शोषण हो । शोषणले गर्दा आर्थिक रूपमा विपन्न वर्गको जन्म हुन्छ । एकातिर धनाढ्य र अर्कोतिर विपन्न वर्गको स्वरूप अलग हुँदै जान्छन् । उपन्यासकार अधिकारीले विवेच्य कृतिमा सोही धनी र गरिबको विपरीतगामी अवस्थाको यथार्थ चित्रण गरेका छन् । यहाँ धनी हुनु र गरिब हुनुको

कारक तत्वका रूपमा शोषणलाई देखाइएको छ । शोषणका विभिन्न रूपहरूले समाजमा शोषक र शोषित वर्गको उदय हुँदै गर्दा तिनका बिचमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा द्वन्द्वात्मक अवस्था सिर्जना भएको पाइन्छ । यसका पछाडि शासकीय तथा राजनीतिक संरचना, सांस्कृतिक विचलन जस्ता पृष्ठभूमिलाई उपन्यासकारले द्वन्द्वको कार्यकारण तत्त्व मानेका छन् । *आशमाया* उपन्यासमा शोषणको अवस्थालाई यसरी प्रस्तुत गरिएको छ- "त्यो ठूलो घरमा मान्छेसँग किन यसरी थरथरी भएका होलान् यिनीहरू ? सबै धनीकै त मुख हेर्दा रै'छन्, हो न हो सबै उसलाई देख्दा मुख बटार्छन् (२०७९, पृ.७) ।" यो उपन्यास अंशले धनी वर्गका मानिसले गरिब वर्गका मानिसलाई थर्काउने, तर्साउने, भयग्रस्त वातावरण निर्माण भएको र त्यसको प्रतिद्वन्द्वीका स्वर प्रकट हुन थालेको अवस्थालाई चित्रण गरेको छ । ठूलो घरमा मान्छेसँग किन मुख बटार्न थालेको ? भनेर प्रश्न गरिएको अवस्था चित्रण भएको छ । यसले दुई भिन्न वर्गका बिचमा टक्कर भई द्वन्द्वात्मक मनोदशा र त्यसको बाह्य स्वरूपको प्रकटीकरणलाई स्पष्ट पारेको छ । यस्ता वाक्यहरू शोषक र शोषितका बिचमा भएका द्वन्द्वात्मक परिवेशको प्रतिनिधि र प्रतीकात्मक अभिव्यक्ति हुन् । यसले विपरीत अवस्थाको चिन्तन बाहिर प्रकट हुन थालेको सन्दर्भलाई प्रकाश पारेको छ ।

विवेच्य उपन्यासमा ठूलो घरका ठूलो बाबु र सानो बाबु भनेर धनाढ्‌ घरका मानिसलाई प्रतिनिधित्व गरिएको छ । यिनै ठूलो घरका भनिएका व्यक्तिहरूबाट आशमाया जस्ता नारी पात्रलाई होचो अर्घेलो गर्ने, बोक्सी लगाएकी भन्ने, धारामा पानी लिन जाँदा किन पानी भरेको भन्ने जस्ता हेपाहा प्रवृत्ति रहेको उपन्यासकारले स्पष्ट उद्‌घोष गरेका छन् । सामाजिक आयामका धनी र गरिबको बिचमा गरिब परिवारलाई अछुत, बोक्सी, नजाती, गलत सोच भएका खराब मानिस भनेर शोषित वर्गलाई मानसिक रूपमा पनि शोषण गरिएको अवस्था यसमा चित्रण भएको छ । यही शोषक वर्गको शोषणको मानसिकता र व्यवहारका विरुद्ध सङ्घर्ष गर्ने मानसिकताको विकास हुन थालेको र त्यो मानसिकताले समाजमा द्वन्द्वात्मक अवस्था ल्याएको स्रष्टाको बुझाइ प्रस्तुत भएको छ । यस्तो शोषणको अवस्था लामो समयदेखि रहेको तर यसअघि शोषित वर्गले बोल्न, प्रतिरोध गर्न, विरोध जनाउन नसकेका कारण एकोहोरो शोषण मात्रै कायम रहेको थियो भने अहिले शोषित वर्गको चेतना विकसित भएको र प्रतिरोधमा उत्रन थालेकाले समाज द्वन्द्वात्मक बन्दै गएको अवस्थालाई यसमा प्रकट गरिएको छ । स्रष्टाले समाजको गतिशीलता, प्रगतिशील समाज निर्माण र शोषणजन्य खराबीको अन्त्यका लागि यो द्वन्द्व अनिवार्य आवश्यकता बनेको सङ्केत पनि गरेका छन् । विवेच्य उपन्यासमा चित्रण गरिएको द्वन्द्वको एक अंशलाई यहाँ उद्धृत् गरिएको छ-

> के मेरो नाम छैन र एई...एई...भन्नुहुन्छ ठूलो बाबू, सानो बाबू ? मुखछाडा नगर्नोस् है तपाईंहरू । मुखमा जे आयो त्यही भन्न पाउनुहुन्न तपाईंहरूले । पुस्तक च्यापेर खुरू खुरू आफ्नो बाटो लाग्नोस् ।
>
> के अरे ? यो धारोमा मलाई आउन नदिने तपाईंहरू ? यो बाटो पनि हिँड्न नदिने अरे ? यो सबैका लागि त सरकारले बाटामा राखिदिएको धारो हो । ठूलो बाबू, सानो बाबू ! मैले भनिदिएको छु यहाँबाट चुप लागेर तपाईंहरू जनोस् । (२०७९, पृ. ९ )

उपर्युक्त उपन्यासको अंशले गरिब तथा शोषित वर्गबाट पनि शोषक वर्ग विरुद्ध आवाज उठ्न थालेको स्पष्ट वैचारिक प्रतिविम्बन भएको पाइन्छ । उपन्यासकारले शोषित वर्गका पात्रहरूलाई प्रतिरोधी चेतना र व्यवहारका साथ चित्रण गरेका छन् । सार्वजनिक धारोमा पानी भर्न पनि नदिने ठुलो बाबू र सानो बाबूका विरुद्ध व्यक्त विचारले समाजमा शोषक र शोषित वर्गका बिचमा बढ्दो द्वन्द्वलाई देखाएको छ । आफ्नो हक अधिकार र सचेतनालाई प्रकट गर्न सक्ने अवस्थामा प्रयोग गर्नु उपन्यासकार अधिकारीको औपन्यासिकता देखिन्छ । वर्ग द्वन्द्वको अवस्थामा समाज रहेको र शोषक वर्गको उत्पीडन विरुद्ध खुलेर

बोल्न थालिएको, पहिचानहीन बनाइएको विरुद्ध, हक अधिकार खोस्ने कार्यका विरुद्ध, उत्पीडित हुनु परेको कुण्ठाका विरुद्ध र अभाव र भयग्रस्त सामाजिक परिवेशका विरुद्ध बाह्य द्वन्द्वमै उत्रन थालेको अवस्थालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

**शोषणयुक्त सामाजिक संरचनाको चित्रण**

*आशमाया* उपन्यासमा नेपालको पुरानो शासन व्यवस्थामा रहेका राणा शासन र राजाको शासनका संरचनात्मक अवस्थाप्रति व्यङ्ग्यात्मक विद्रोह प्रकट गरिएको छ । यस कृतिमा नेपालको शासन प्रणालीमा राणा शासन अत्यन्तै कठोर, निरङ्कुश, अविवेकी, अमानवीय, पारिवारिक तथा जहानियाँ प्रवृत्तिको रहेको र त्यसले समाजलाई कमजोर बनाएको अभिव्यक्ति प्रस्तुत भएको छ । समाजको संरचना शासकीय संरचना अनुसार निर्माण हुन्छ । समाजमा मानवीय सद्भाव बलियो हुन नदिने कारक रूप शासकीय निरङ्कुशता भएको विचार यस कृतिमा व्यक्त गरिएको छ । शासन सत्तामा रहेका राणा र राजाको प्रवृत्ति कठोर र अनुदार रहेको औपन्यासिक कथ्य प्रस्तुत गरिएको छ । राणा र राजाको शासन कालमा समाजको भ्रष्टीकरण तीव्र रूपमा हुन पुगेको अभिव्यक्ति विवेच्य कृतिमा पाइन्छ । त्यो समाज सामन्ती प्रवृत्तिको रहेको, सर्वसाधारण, गरिबले मोटर बोक्ने तर उपभोग गर्न नपाउने, ठुलाबडाका लागि मोटर बोकेर ल्याइदिनु पर्ने, मोटर बोकेर हिँड्दा त्यही मोटरले किचेर शरीर अपाङ्ग भएर बस्नु पर्ने, आर्थिक, सांस्कृतिक शोषणले थिचिनु पर्ने अमानवीय समाजको अवस्थालाई विवेच्य उपन्यासमा प्रस्तुत गरिएको छ ।

*आशमाया* उपन्यासमा शोषणयुक्त समाजको निर्माण शासकीय स्वरूपले गरेको विचार व्यक्त भएको छ । उपन्यासकार अधिकारीले राणा, राजाको हुकुमी शासन रहेको तर त्यो शासन गरिब, सर्वसाधारणलाई कठिन भएकाले त्यसका विरुद्ध नवीन सामाजिक परिवर्तनको परिवेश निर्माण हुँदै गएको अवस्थालाई पनि चित्रण गरेका छन् । राणा, राजाका विरुद्ध विभिन्न थरीका नारा, आवाज उठ्न थालेको चर्चा गर्दै शोषणयुक्त समाजको कमजोर जगलाई उपन्यासकारले यसरी चित्रण गरेका छन्-

> जताततै मान्छे भेला भएर राणा-राजालाई मनपरीसँग गाली गर्दै हिँड्न लागे मान्छे कस्ताकस्ता झन्डा बोकेर हिँड्थे त्यसताका । त्यसपछि कता गए ती राणा र राजाहरू । ऊ कतिपल्ट दरबारमा गई त्यहाँ कोही थिएनन्, रित्तो दरबार मात्र ड्वाङड्वाङती उभिएका थिए । पैलेको चहलपहल र झिलीमिली कुनै कुरा पनि उसले देखिन त्यहाँ जाँदा । राणा भागे, दुनियाँले राणालाई खेदे भन्ने मात्र सुन्थी ऊ (२०७९, पृ.५) ।

*आशमाया* उपन्यासमा राणा शासनको सामन्ती समाजलाई आलोचनात्मक स्वरूपमा चित्रण गरेको छ । साथै राजतन्त्रात्मक शासनको समाजले पनि सामन्ती प्रवृत्ति देखाएकाले त्यस प्रकारको चरित्रलाई पनि व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेको छ । राणा शासन राजनीतिक रूपमा परिवारवादी प्रणाली हो । एउटै परिवारमा पनि शासक को बन्ने भन्ने विषयमा ठूलो द्वन्द्व भएको अवस्था थियो । राजतन्त्र पनि जन्मको आधारमा शासन प्रणाली सञ्चालन गर्ने व्यवस्था हो । नेपालको कुनै एक समयमा राणा र राजा एउटै समयमा रहेका थिए । त्यस वेला यी दुई पक्षहरूका बिचमा नै द्वन्द्व चलेको थियो । कसले बढी शक्ति लिने भन्ने होडमा राणा र राजाले आपसी कटुतापूर्ण षड्यन्त्रकारी व्यवहार देखाएका थिए । त्यस वेलाको समाजमा निम्न वर्गका मानिसहरू द्वन्द्वमा बढी उत्पीडित थिए । सोही सामाजिक परिवेशलाई उपन्यासकारले राजनीतिक रङ सहित व्यङ्ग्य गरेका छन् । उनले राणा र राजाले बनाएको सामन्ती प्रथाले नेपाली समाजका निम्न वर्गीय समुदाय उत्पीडित हुनु परेको अवस्थालाई प्रकट गरेका छन् ।

## आशमाया उपन्यासमा आर्थिक विपन्नताको चित्रण

उपन्यासकार डी.पी. अधिकारीले *आशमाया* उपन्यासमा आर्थिक विपन्नतालाई चित्रण गरेका छन् । नेपाली समाजको निम्नवर्गीय समस्याहरूलाई उनले उपन्यासका पात्रहरूको चरित्रमार्फत व्यक्त गरेका छन् । समाजको आर्थिक अवस्था दयनीय भएकाले वर्गीय समस्या कायम रहेको र यसले निम्न वर्गका मानिसलाई व्यक्तिगत र पारिवारिक रूपमा नै असर गरेको विचार व्यक्त भएको छ । नेपाली समाजको शोषण, सामन्ती चरित्र, आर्थिक अन्तराल, उत्पादन र वितरणमा समानता र समताको अभाव हुनु, लैङ्गिक विभेद कायम रहनु, जातीय तथा छुवाछुत प्रथा रहनु, राज्य संयन्त्रमा राणा शासन र राजाको शासन आम जनताको सुख सुविधामा केन्द्रित हुन नसकी मनोविलासी र हुकुमी शैलीको हुनु जस्ता कारक पक्षहरूलाई उपन्यासकार अधिकारीले औँल्याएका छन् ।

### नायिका आशमायामा देखिएको आर्थिक विपन्नता

*आशमाया* उपन्यासकी आशमाया आफैँमा विपन्नता झेल्न बाध्य भएकी नारी पात्र हो । दरबारमा काम गर्ने अवस्थादेखि घरमै दुःख र व्यथामा रहेर पनि शोषक वर्गसित सङ्घर्ष गर्दै यस उपन्यासकी नायिका आशमायाले समाज, परिवार र राज्य प्रणालीबाट शोषित भएर विपन्न जीवन बाँच्न विवश भएको र त्यस विरुद्ध सङ्घर्ष गरेको औपन्यासिक चित्रण गरिएको छ । नेपाली समाजको एक प्रमुख समस्या वर्ग उत्पीडन भएको भाव यसमा प्रस्तुत भएको छ । वर्ग उत्पीडनको समस्या वर्गीय समाजको एउटा प्रमुख विशेषता नै हो । वर्गीय रूपमा नेपाली समाजमा हुने खाने र हुँदा खाने वर्गका बिचमा द्वन्द्व भइरहेको छ । हुँदा खाने भनेको निम्न वर्ग, कामदार वर्ग र  उचित तलब, सामाजिक मान सम्मान नपाउने वर्ग हो । तिनीहरू सामाजिक मूल्यबाट वञ्चित हुनु परेको मुख्य कारण नै आर्थिक विपन्नता भएको औपन्यासिक भाव व्यक्त भएको छ । यही वर्गको प्रतिनिधि चरित्रका रूपमा आशमायालाई अघि सारिएको छ । आशमाया काठमाडौँली नेवार समुदायमा हुर्केकी तर आर्थिक विपन्नता, सामाजिक, सांस्कृतिक र राजनीतिक परिवेशबाट उत्पीडित पात्रको रूपमा चित्रण गरिएकी नारी चरित्र हो । यसको दृष्टान्तका लागि उपन्यासको एक अंशलाई यसप्रकार साभार गरिएको छ-

> मेरो उठिबास लागो हजुर... म गरीबको ..... के गरू म एक्ली स्वास्नीमान्छे..... डल्लेका बाउ पनि घरमा छैनन् । अब त घर पनि छोडेर जा भन्न लागेको छ त्यो बूढो... आफ्नो घर पनि छोड्नु पर्ने यो कस्तो कुरा सात दिनमा घर छोडेर नगए छानो च्यातेर फ्याक्ने भनेर गैरछ... पर्खालको एउटा पाटो त बूढाका मान्छे आएर भत्काइ पनि दिए । बारी पनि खट्टाले माडेर तेत्तिकै बर्बाद गरिदिएको छ (२०७९, पृ. ४१) ।

शान्तिपूर्ण रूपमा बाँच्ने सबैको नैसर्गिक अधिकारमाथि नै शोषक वर्गका केही मानिसहरूले बेवास्ता गरी गरिब, उत्पीडित, निम्न वर्गीय व्यक्तिमाथि अन्याय गरेको विवेच्य उपन्यासमा चित्रण गरिएको छ । उत्पीडित वर्गमा पनि महिला वर्गमाथि झन् अत्याचार भएको उपन्यासको चित्रणले स्पष्ट पारेको छ । आशमायाको लोग्ने अर्थात् डल्लेका बुबा मधेसमा जागिर खान गएको, त्यहाँबाट घर परिवारको समस्या समाधान गर्न आउन नपाएको, थोरै तलबमा खाएको जागिरको कमाइ पनि फजुल खर्च गरेर सकाएको अवस्था एकातिर चित्रण भएको छ भने अर्कोतिर त्यस्तो उत्पीडित अवस्थामा रहेकी नारीलाई मानसिक र शारीरिक रूपमा धम्की दिने, घर भत्काउने, घरबारविहीन बनाउने जस्ता शोषक वर्ग पक्षधर मानिसको अत्याचार रहेको विपन्नताको चित्रण यस उपन्यासमा गरिएको छ । यसरी *आशमाया* उपन्यासमा आर्थिक विपन्नताले उत्पीडित भएकी आशमायाको चरित्रलाई नेपाली समाजको शोषण र त्यसले पारेको आर्थिक विपन्नताको समस्याका रूपमा प्रस्तुत गरिएको छ ।

### सामाजिक शोषण र आर्थिक विपन्नताको चित्रण

*आशमाया* उपन्यासमा सामाजिक शोषणका कारणले नै आर्थिक विपन्नता निम्त्याएको वैचारिक प्रस्तुति रहेको छ । उपन्यासकार अधिकारीले समाजका बेथिति, बेरोजगारी, विचलन, शोषण, अन्याय, विभेद हुनुका मूल तत्त्व राणा र राजाको शासन शैली भएको पनि सङ्केत गरेका छन् । यस उपन्यासमा प्रस्तुत गरिएको सामाजिक बनोट र बुनोटको समय राणा र राजाको समयको समाज रहेको देखिन्छ । त्यस समयको नेपाली समाजको नेतृत्व गर्ने ती वर्गले समाजमा व्याप्त बेथितिको निराकरण गर्न नसकेको र बरु आफै विकृतिको कारक बनेकाले समाजमा आर्थिक शोषण कायम रहेको र त्यसले आर्थिक विपन्नता उब्जेको भाव सम्प्रेषण गरिएको छ । विवेच्य उपन्यासमा राणासाब, राजामहाराजा जस्ता वर्गको शोषण रहेको र त्यसले विपन्नतामा रहेका, सानोतिनो जागिर खाने, ज्यालादारी गर्ने, अरूका घरमा काम गरेर जीवन निर्वाह गर्ने वर्गमा विपन्नताको तीव्र प्रभाव परेको, पारिवारिक दबाब र तनावको अवस्था सिर्जना भएको जनाइएको छ । यस उपन्यासमा शोषणको सन्जाल राष्ट्रिय स्तरमा मात्रै नभएर अन्तर्राष्ट्रिय स्तरमा समेत फैलिएको उल्लेख छ । नेपाली समाजको आर्थिक विपन्नता र आर्थिक शोषणको पृष्ठभूमि साम्राज्यवादी नीतिका कारण भएको विषयवस्तुलाई यसमा चित्रण गरिएको छ । उपन्यासको एक अंशलाई साक्ष्यका रूपमा यसरी राख्न सकिन्छ- "आजको विश्वमा रहेको यही गरिबी र बलियो देशले साम्राज्यवादी नीति अन्तर्गत दुर्बल देशलाई थिचोमिचो गर्ने गरेर पछौटे नै बनाइ शोषण गर्ने व्यवहारबाट नै राष्ट्रियताको जन्म हुने गरेको छ र यो तबसम्म संसारमा रहिरहने छ जैलेसम्म संसारमा माथि भनिएको व्यवहार रहने छ (पृ. २६) ।" समाजको रुग्णतालाई चिर्न राष्ट्रिय नीति अँगाल्न नसक्नु, उत्पादन र रोजगारीको वातावरण बनाउन नसक्नु, दक्ष जनशक्तिलाई क्षमता अनुसार काम दिन नसक्नु, सामाजिक, सांस्कृतिक, आर्थिक समस्याको स्थायी समाधान पहिल्याउन नसक्नु जस्ता कारण दुर्बल बनेका गरिब राष्ट्रहरूमा बाह्य कारणले पनि आर्थिक शोषण भएको र त्यसको प्रत्यक्ष असर नेपाली समाजमा परेको अवस्थालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

डी.पी.अधिकारीको *आशमाया* उपन्यासमा समाजमा व्याप्त शोषणका कारण विपन्नतामा परेका मानिसको दयनीय अवस्थालाई चित्रण गरिएको छ । आर्थिक अभावले निम्त्याएका पारिवारिक विचलन, सांस्कृतिक विचलन, रूढिवाद, विभेद, विभिन्न प्रकारका द्वन्द्वात्मक अवस्थाको व्यङ्ग्यात्मक चित्रण समेत यस उपन्यासमा प्रस्तुत भएको छ । धनी र गरिब वर्गका बिचको द्वन्द्व, काम गर्ने र ठगी बाँच्ने मानिसका बिचको द्वन्द्व, परिवारमा देखिएको कलह,  समाजमा ठुलाबडाले गरेका हेपाहा प्रवृत्ति आदिको चित्रण गरी *आशमाया* उपन्यासमा नेपाली समाजको वर्ग उत्पीडनलाई प्रस्तुत गरिएको छ । नेपाली समाजको विकृति र रुग्णता राणा र राजाको शासनका कारण उब्जेको र त्यसको बाह्य कारण साम्राज्यवादले दुर्बल देशहरूमा गरेको शोषण समेतलाई देखाइएको छ । यस्तो आर्थिक उत्पीडनको समाधानका लागि आशमाया जस्ता पात्रले अन्तिमसम्म पनि शोषक वर्गसित लडेको, सङ्घर्ष नै समाधानको एक कडी रहेको यस उपन्यासको सारवस्तु समेत बोध भएको छ ।

## सन्दर्भ सूची

अधिकारी, डी.पी. (२०७९). *डीपी आधिकारीका साहित्यिक रचना.* (सम्पा. हरि गौतम). ओरियन्टल पब्लिकेशन हाउस ।

चापागाईं, निनु (२०६७). मार्क्सवादी समालोचना, विधि र मानदण्ड. *मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य.* पृ.५९-१००. अखिल नेपाल लेखक सङ्घ ।

त्रिपाठी, वासुदेव (२०५८). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २.* साझा प्रकाशन ।

मार्क्स, कार्ल (२०६७). सामाजिक अस्तित्व र सामाजिक चेतना. *मार्क्सवादी साहित्यचिन्तन.* (सम्पा. निनु चापागाईं) पृ.१-४. साझा प्रकाशन ।

मार्क्स, एङ्गेल्स (२०६३). *मार्क्स एङ्गेल्स साहित्य र कला.* (अनु. राजेन्द्र मास्के, सूर्यप्रसाद पौडेल). विवेक सिर्जनशील प्रकाशन ।

तेन, हिप्पोलाइट एडोल्फ (सन् १८७१). *हिस्ट्री अफ इङ्लिस लिटरेचर.* (अनु. भी. हाङ

लाउन).भोलम १.विलियम्स एच.एल.टिडी.।

पाण्डेय, मैनेजर (सन् १९८९). *साहित्य के समाजशास्त्र की भूमिका.* हरियाणा साहित्य अकादमी ।

लुनाचार्स्की, अनातोली (मार्क्सवादी समालोचनाका समस्याहरूबारे. *मार्क्सवादी समालोचना पद्धति.* ( सम्पा. निनु चापागाईं) पृ.८३-९३. भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

सिंह, बच्चन (सन् २००७). *साहित्य का समाजशास्त्र.* लोकभारती प्रकाशन ।